फक्ताङलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**(सामान्य प्रशासन शाखा)**

तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७४/०८/२६)

यस गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसारका तपशीलको विज्ञापनमा उल्लिखित पदहरुमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको website: www.phaktanglungmun.gov.np बाट डाउनलोड गरी वा फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | लिखित परीक्षा मिति | कैफियत |
|---|---|---|---|---|
| ००१/०७४-७५ | सब-इन्जिनियर (सिभिल) | २ (दुई) | पछि प्रकाशन गरिने | |
| ००२/०७४-७५ | कम्प्युटर अपरेटर | १ (एक) | पछि प्रकाशन गरिने | |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

**परीक्षा केन्द्रः-** गाउँ कार्यपालिकाको कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ ।

**आवश्यक न्यूनतम योग्यताः-**

**सब-इन्जिनियरको लागिः**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको हुनु पर्नेछ ।

**कम्प्युटर अपरेटरको लागिः**

मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्प्युटर सम्बन्धी कम्तीमा छ महिना तालिम लिएको वा कम्प्युटर विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**समकक्षताः-** विदेशमा अध्ययन गरेका वा विदेशी बोर्डबाट परीक्षा उत्तीर्ण गरेका उम्मेदवारहरुले समकक्षताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण (Bio-Data), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, समकक्षताको प्रमाणपत्र (आवश्यक पर्नेको लागि मात्र) तथा अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी हुलाक, यस कार्यालयको ईमेल ठेगाना phaktanglungrm@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा इन्जिनियरको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र अन्य पदको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ तर महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७४/०९/११ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**दरखास्त दस्तुरः-**

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|
| १. | सब-इन्जिनियर | ७००/- (सात सय रुपैयाँ मात्र) |
| २. | कम्प्युटर अपरेटर | ७००/- (सात सय रुपैयाँ मात्र) |

**दरखास्त दस्तुर बुझाउने स्थानः-** फक्ताङलुङ गाउँ कार्यपालिकाको कार्यालय, तापेथोक, ताप्लेजुङमा बुझाउन वा यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ०६२०३००००००००४००१०६८ मा जम्मा गर्न सकिनेछ।

**प्रयोगात्मक/अन्तर्वार्ता मिति :-** पछि निर्धारण भए बमोजिम हुनेछ।

**तलब स्केल तथा अन्य सुविधाः-** नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ।

**करार अवधिः-** नेपाल सरकारबाट सोही पदमा काज वा समायोजनमार्फत् अर्को व्यवस्था नभएसम्मको लागि मात्र। नेपाल सरकारबाट कर्मचारी खटिई नआएमा २०७५ आषाढ मसान्त सम्म।

**प्राथमिकताः-** माथिल्लो योग्यता, न्यूनतम योग्यताको प्राप्ताङ्क/प्रतिशत, अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।

**पुनश्चः-** थप जानकारीको लागि सम्पर्क नं. ९८५२६६०६०६/९८५२६८११८९/०२१-६९६४९१ मा सम्पर्क गर्न सक्नु हुनेछ। सूचनामा उल्लेख भएबाहेकका अन्य विषयमा गाउँ कार्यपालिकाको कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।